गरिएका बिरुवामा संक्रामक प्रकारका रोग, किरा तथा अन्य शत्रुजीवहरूको उपस्थिति र फैलावट अन्तर्राष्ट्रियस्तरमा रोक्ने कार्यका लागि आवश्यक प्रावधानहरू, बिरुवा संरक्षण, व्यवस्थापन, निति, नियम, प्रकृया बनाई सहयोग गर्ने कार्य गर्दछ।

ईन्टरनेशनल प्लाण्ट प्रोटेक्शन कन्भेन्सनबाट जानकारीहरू प्राप्त गर्न र सो सम्बन्धी नेपालमा भएको व्यवस्था बारे जानकारी प्रदान गर्न नेशनल प्लाण्ट प्रोक्टेक्शन अर्गनाइजेशन (National Plant Protection Organization/NPPO) का रुपमा प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र (PQPMC) लाई फोकल प्वाइन्ट एवं कन्ट्याक्ट प्वाईन्टको रुपमा तोकिएको छ।

## कोडेक्स एलिमेन्टेरियस कमिसन (Codex Alimentarius Commission)



कोडेक्स एलिमेन्टेरियस स्थापना सन् १९६३ मा भएको हो। यो रोममा अवस्थित छ र यसलाई खाद्य तथा कृषि संगठनबाट संयुक्त रूपमा सहयोग प्राप्त छ। अन्तर्राष्ट्रिय स्तरमा खाद्य पदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धमा कोडेक्स एलिमेन्टेरियस कमिसनको महत्वपूर्ण स्थान रहेको छ। कोडेक्स एलिमेन्टेरियस भन्नाले फूड कोड अर्थात कोडेक्स एलिमेन्टेरियस कमिसनले अवलम्बन गरेका खाद्य स्वच्छताका लागि अन्तर्राष्टिय मापदण्डको संग्रहलाई जनाउँछ। यो उपभोक्ता, खाद्य प्रशोधक एवं उत्पादक, राष्ट्रिय खाद्य नियमन निकाय (National Food Control Agencies) तथा खाद्य पदार्थको अन्तर्राष्ट्रिय व्यापारका लागि विश्वव्यापी रूपमा मान्य रहेको छ। उपभोक्ताको स्वास्थ्य रक्षा एवं खाद्य पदार्थको व्यापारमा स्वस्थ अभ्यास अवलम्वन गर्न राष्ट्रहरूले एक अर्काको खाद्य सम्बन्धी कानुनी प्रावधानमा एकरूपता ल्याउनु एवं अन्तर्राष्ट्रिय रूपमा मान्य मापदण्डहरूलाई अवलम्बन गर्नु पर्ने धारणा कोडेक्स एलिमेन्टेरियस कमिसनको रहेको छ। सोही सम्बन्धमा विश्व व्यापार संगठन



अन्तर्गत कृषि वस्तुको स्वच्छता सम्बन्धी सम्झौतामा अन्तर्राष्ट्रिय व्यापार सहजिकरण र जनमानसको स्वास्थ्य रक्षार्थ कोडेक्सको खाद्य स्वच्छता मापदण्ड, निर्देशिका आदि लाई उल्लेख गरेको छ। कोडेक्स एलिमेन्टेरियस कमिसनले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशकलाई कोडेक्स सम्पर्क बिन्दु (Codex Contact Point) को रूपमा तोकेको छ।

## वर्ल्ड अर्गनाईजेशन फर ऐनिमल हेल्थ (WOAH)

विश्व पशु स्वास्थ्य संगठन विश्व भरीका देशहरूको लागि पशुपन्छीको स्वास्थ्य, जनस्वास्थ्य, पशुजन्य व्यापार र पशु कल्याणको आधार तय गर्ने संस्था हो। सन् १९२४ को जनवरी २५ मा २८ देशको समझदारीमा Office International des Epizooties (OIE) को नाममा यो संस्थाको स्थापना भएको थियो जसको प्रधान कार्यालय फ्रान्सको राजधानी पेरिसमा अवस्थित छ। यसको मुख्य काम विश्वभरी पशुपन्छीको रोग र महामारी नियन्त्रण र सदस्य राष्ट्रको भेटेरिनरी सेवाको सुरक्षा रहेको छ। मे, २००३ मा कार्यालयको नाम World Organization for





Animal Health रहन गयो। WTO को SPS सम्बन्धी संझौतामा SPS Measures लाई विश्वव्यापी तवरले सकभर एकरूपता कायम गर्ने पशु स्वास्थ्य सम्बन्धी सम्पूर्ण अन्तर्राष्ट्रिय मापदण्ड, निर्देशिका र सुझाव दिनको लागि WOAH ले गर्ने गरि संझौता भएको छ। जसको मुख्य मुख्य कार्यहरू निम्न बमोजिम छन:

१. पारदर्शिता (Transparency): विश्वमा पशु स्वास्थ्यको अवस्थाको बारेमा पारदर्शी जानकारी सुनिश्चित गर्ने
२. वैज्ञानिक सूचना (Scientific Information): भेटेरिनरी सेवासँग सम्बन्धी वैज्ञानिक विवरण संकलन, विश्लेषण र प्रवाह गर्ने।
३. अन्तर्राष्ट्रिय एक्यवद्धताको लागि पैरवी गर्ने।
४. स्वच्छता र सुरक्षा (Sanitary & Safety): वेला वेलामा स्वास्थ्य तथा स्वच्छताको मापदण्ड प्रकाशन गरी पशुपन्छीको अन्तर्राष्ट्रिय व्यापार प्रतिरक्षा गर्ने।

पशु सेवा विभागले WOAH संग समन्वय गरी पशु स्वास्थ्य सम्बन्धी सम्पूर्ण कार्यहरूलाई वैज्ञानिकीकरण गर्दै आईरहेको छ। WOAH ले तोकेको कार्य गर्नु गराउनु WOAH delegates को रूपमा पशु सेवा विभागका महानिर्देशकलाई तोकेको छ। यसरी नै पशु स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय स्तरको सूचना संकलन तथा प्रवाह हर्न गराउन Focal Point को रूपमा Veterinary epidemiology शाखाका प्रमुखलाई तोकेको छ। यस्तै जलचर, भेटेरिनरी वस्तु, पशुपन्छी कल्याण, खाद्य स्वच्छता, सञ्चार, भेटेरिनरी प्रयोगशाला र वन्यजन्तु सम्बन्धी पनि छुट्टाछुट्टै Focal Point को व्यवस्था गरेको छ।

### उपयोगी वेबसाइटहरू:

| | |
|---|---|
| Ministry of Agriculture and Livestock Development | www.moald.gov.np |
| Ministry of Industry, commerce and supplies | www.moics.gov.np |
| Department of Food Technology and Quality Control | www.dftqc.gov.np |
| Department of Agriculture | www.doanepal.gov.np |
| Department of Livestock Services | www.dls.gov.np |
| Plant Quarantine and Pesticide Management Center | www.npponepal.gov.np |
| World Trade Organization | www.wto.org |
| Codex Alimentarius Commission | www.codexalimentarius.net |
| International Plant Protection Convention | www.ippc.int |
| World Organization for Animal Health | www.woah.org |

# SANITARY AND PHYTOSANITARY (SPS) NATIONAL ENQUIRY POINT

# एस. पि. एस नेशनल ईन्क्वायरी प्वाईन्ट

## एक परिचय



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**एस. पि. एस नेशनल ईन्क्वायरी प्वाईन्ट**
बबरमहल, काठमाडौं
फोन: ०१-५३५६९४७, ५३६२३६९
E-mail:- info.dftqc@spsenquiry.gov.np
Website: www.spsenquiry.gov.np
२०८० (२०२४)

WORLD ORGANISATION FOR ANIMAL HEALTH
WORLD TRADE ORGANIZATION
CODEX ALIMENTARIUS International Food Standards

## विश्व व्यापार संगठन (World Trade Organization/WTO)

विश्वभरमा हुने सम्पूर्ण अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी नियमहरूलाई पारदर्शी बनाउने, सदस्य राष्ट्को आर्थिक अवस्था मजबुत पार्ने, व्यापार, लगानी, रोजगारी र आय वृद्धि गर्ने, वस्तु र सेवाको उत्पादन र व्यापारलाई सहयोग गर्ने एवं विकासोन्मुख देशहरूको दिगो विकासमा सघाउ पुऱ्याउने आदि उद्देश्य लिई सन् १९९५ मा विश्व व्यापार संगठनको स्थापना भएको हो। शुरुको अवस्थामा यसमा १२८ वटा देशहरू युरोपियन युनियन संलग्न रहेको थिए। नेपालले सन् २००४ अप्रिल २३ (वि. सं. २०६१ वैशाख ११ गते) मा विश्व व्यापार संगठनको १४७ औँ सदस्य राष्ट्को अर्थमा सदस्यता प्राप्त गर्यो। हाल सम्म यसमा १६४ सदस्यहरू छन्।

## एस. पि. एस सम्बन्धी प्रावधान (SPS Measures)

विश्व व्यापार संगठन अन्तर्गतका विभिन्न सम्झौताहरू मध्ये कृषि वस्तुहरूको स्वस्थता र स्वच्छता सम्बन्धी सम्झौता (Agreement on Application of Sanitary and Phytosanitary Measures) पनि एक हो। यस सम्झौताले बिरुवा, पशु र मानिसको स्वास्थ्य एवं जीवन रक्षाको लागि आवश्यक कानुन बनाउने अधिकार सदस्यहरूलाई दिएको छ।



कृषिजन्य वस्तुको आयात/निर्यात गर्दा बिरुवा, पशुपन्छी र मानिसको स्वास्थ्य एवं जीवनमा नकारात्मक असर पर्नु हुँदैन। असर पर्छ भन्ने प्रमाणित भएमा त्यस्ता वस्तु आयात गर्ने सदस्यले प्रतिबन्ध लगाउन सक्दछ। त्यस्ता प्रतिबन्ध लगाउने प्रावधानहरू (ऐन, नियम, निर्देशिका, आदेश, कार्यविधि, मापदण्ड, निरीक्षण, परीक्षण तथा प्रमाणीकरण प्रकृया, कृषि वस्तुहरूको उत्पादन तथा क्वारेन्टाईन उपचार आदि) व्यापारमा अनावश्यक अवरोध गर्ने नभई विज्ञानमा आधारित हुनु पर्ने वा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार बनाई सदस्यहरू बीचमा भेदभाव नहुने गरी लागू गरिएको हुनु पर्दछ।यसै गरी विभिन्न सदस्यहरूले लागू गर्नु पर्ने एस. पि. एस सम्बन्धी प्रावधानमा एकरूपता (Harmonization) कायम गर्न खाद्य स्वच्छता, बिरुवा एवं पशु स्वास्थ्य क्षेत्रमा क्रमशः कोडेक्स एलिमेन्टरियस कमिसन, इन्टरनेशनल प्लाण्ट प्रोटेक्सन कन्भेन्सन र वर्लड अर्गनाईजेशन फर एनिमल हेल्थबाट निर्धारित प्रावधानहरूलाई आधार लिन सकिने कृषि वस्तुको स्वच्छता सम्बन्धी सम्झौतामा उल्लेख गरिएको छ।

यस सम्बन्धी जानकारी पारदर्शी गराउन प्रत्येक सदस्यले अनिवार्य रूपले एस. पि. एस नेशनल नोटिफिकेशन अथोरिटि र नेशनल ईन्क्वायरी प्वाईन्ट स्थापना गर्नु पर्ने हुन्छ। जनशक्ति, भौतिक संरचना, समन्वय एवं आर्थिक कारणले एकै निकायले एस.पि.एस नेशनल नोटिफिकेशन अथोरिटि र नेशनल ईन्क्वायरी प्वाईन्ट सम्बन्धी कार्यहरू गरेको पनि पाईन्छ।



## एस. पि. एस नेशनल ईन्क्वायरी प्वाईन्ट (SPS National Enquiry Point)

कृषि वस्तुको स्वच्छता सम्बन्धी सम्झौता पारदर्शिता प्रावधान अन्तर्गत नेपालमा एस. पि. एस नेशनल ईन्क्वयरी प्वाईन्ट स्थापना सन् २००४ जनवरी १ मा कृषि विकास मन्त्रालय अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा भएको हो। एस. पि. एस सम्बन्धी प्रावधानहरूका बारेमा नेशनल ईन्क्वायरी प्वाईन्टले जानकारी उपलब्ध गराउने क्रममा तपसिलका कार्यहरू गर्दछ।

- एस. पि. एस संग सम्बन्धीत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू संग समन्वय गरी एस.पि.एस सम्बन्धी प्रावधान बारे सूचना एवं जानकारीको अभिलेख राखी आवश्यकता अनुसार आदान प्रदान गर्ने।
- विश्व व्यापार संगठनका सदस्यहरू एवं अन्य सारग्राहीहरूलाई आवश्यक पर्ने जानकारीहरू इन्क्वायरी प्वाईन्टमा भएमा तुरुन्तै उपलब्ध गराउने तथा नभएमा सम्बन्धीत निकायसँग समन्वय गरी जानकारी उपलब्ध गराउने।
- एस. पि. एस मेजर्स सम्बन्धी प्रवाह गर्ने सिलसिलामा आवश्यक कार्यहरू गर्ने।
- एस. पि. एस. मेजर्स संग सम्बन्धीत सूचना सन्देश प्रवाह गर्ने सिलसिलामा आवश्यक कार्यहरू गर्ने।
- एस. पि. एस. मेजर्स संग सम्बन्धीत जानकारीको छिटो छरितो एवं सहज रूपमा प्रवाह गर्न सकभर विधुतिय सञ्चार माध्यम (ईन्टरनेट, फोन, फ्याक्स, आदि) को प्रयोग गरी उपलब्ध गराउने।

### नेपालमा एस. पि. एस नेशनल ईन्क्वायरी प्वाईन्टको कार्यगत संरचना निम्न बमोजिम रहेको छ।




### एस पि एस नेशनल नोटिफिकेशन अथोरीटी र एस. पि. एस. नेशनल ईन्क्वायरी प्वाईन्टको प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँगको अन्तर सम्बन्ध

खाद्य स्वच्छता, पशुपन्छी र बिरुवा स्वस्थता कायम राख्न क्रमशः खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु सेवा विभाग एवं प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले जिम्मेवारी बहन गरिरहेका छन्। यी निकायहरू



विश्व व्यापार संगठन अन्तर्गतको कृषि वस्तुहरूको स्वस्थता र स्वच्छता सम्बन्धी सम्झौताका प्रावधानहरूलाई लागू गर्ने मुख्य निकायहरूको रूपमा रहेका छन्।

विद्यमान एवं मस्यौदा कानुनी प्रावधानहरू (मापदण्ड, कार्यविधि, प्रकृया वा सिफारिसहरू) बाट व्यापारमा अवान्छीत अवरोध उत्पन्न हुन सक्ने संभावना रहेको अवस्थामा व्यापारको साझेदार बिच पारदर्शिता कायम राख्न नोटिफिकेशन गर्नु पर्ने व्यवस्था छ। एस. पि. एस. सम्बन्धी प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नभएमा, अन्तर्राष्ट्रिय मापदण्डको व्यवस्था नभएमा वा व्यापारमा अवान्छीत अवरोध गर्ने प्रकृतिका भएमा विश्व व्यापार संगठन मार्फत नोटिफिकेशन गर्नु पर्ने हुन्छ। यसका लागि प्रत्येक सदस्यले एस. पि. एस. नोटिफिकेशन अथोरिटिको व्यवस्था गर्नु पर्ने हुन्छ। नेपालका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखालाई एस. पि. एस. नेशनल नोटिफिकेशन अथोरिटिको रूपमा तोकिएको छ।

प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट नोटिफिकेशनका लागि पठाउनु पर्ने सामग्रीहरू (filled format, final text and soft copy, etc.) नोटिफिकेशन अथोरिटि एवं ईन्क्वायरी प्वाईन्टलाई उपलब्ध गराउनु पर्ने हुन्छ। यसरी प्राप्त भएका नोटिफिकेशन सामग्रीहरू नोटिफिकेशन अथोरिटिले विश्व व्यापार संगठन मार्फत सदस्यहरूलाई notify गर्दछ। सदस्यहरू, अन्य निकाय वा व्यक्तिबाट सो नोटिफिकेशन सामग्रीहरूको जानकारी माग भएमा वा सुझावहरू प्राप्त भएमा ईन्क्वायरी प्वाईन्टले समन्वयकारी भूमिका निर्वाह गर्दछ।

## ईन्टरनेशनल प्लाण्ट प्रोटेक्शन कन्भेन्शन (International Plant Protection Convention/IPPC)

यो खाद्य तथा कृषि संगठन अन्तर्गतको अन्तर्राष्ट्रियस्तरको बिरुवा स्वस्थता सम्बन्धी सम्झौता सन् १९५२ मा भएको हो। नेपालले सन् २००६, मे ८ मा ती सम्झौता पालना गर्ने प्रतिबद्धता जाहेर गरेको छ। यसले जङ्गली र खेती



